सन्दकपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मावुमोड, देउराली, इलाम
स्था-२०७३

प.स. : २०७७/०७८ 
च.नं. : १६२६ 
१ नं. प्रदेश, नेपाल
मिति : २०७८/०२/३१

**श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै,**
सन्दकपुर गाउँपालिका, इलाम ।

**विषय :- सिकाई निरन्तरता सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०२/२३ को प्रेस विज्ञप्ति तथा यस सन्दकपुर गाउँपालिका गाउँकर्यपालिकाको मिति २०७८/०२/२७ गतेको बैठकको निर्णयानुसार शैक्षिक सत्र २०७८ मा विद्यार्थीको सिकाई निरन्तरताका लागि नेपाल सरकार द्वारा विभिन्न समयमा जारी गरिएका स्वास्थ्य सुरक्षाका सम्पुर्ण मापदण्डहरु अवलम्वन गरि तपशिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

**तपशिल:**

**१. शैक्षीक सत्र २०७८ मा अध्ययन गर्ने विद्यार्थीको लागी असार १ देखि भर्नाको अभिलेख कायम गर्ने,** विद्यालयले सम्भव भएसम्म आफ्नो सेवा क्षेत्रभित्र टेलिफोन वा अनलाईन वा वैकल्पिक माध्यमवाट अभिभावकहरुलाई सम्पर्क गरि विद्यार्थी भर्नाको उपर्युक्त व्यवस्था मिलाउने ।

२. कुनै विद्यार्थी अन्य विद्यालयमा जान चाहेमा नियमानुसार स्थानान्तरण प्रमाणपत्र विद्यालयवाट उपलब्ध गराउने ।

३. आधारभूत विद्यालयहरुले आफ्ना विद्यार्थी आधारभूत तह पुरागरि (कक्षा-५ वाट कक्षा -६ मा, कक्षा - ८ वाट कक्षा-९ मा) आफ्नो विद्यालयवाट अन्य विद्यालयमा जाने भएमा ति विद्यार्थी का अभिभावकसंग समन्वय गरि स्थानान्तरण भई जान ईच्छुक विद्यालयमा ति सै विद्यार्थीहरुको विवरण सम्बन्धित विद्यालयलाई उपलब्ध गराई भर्ना तथा पाठ्यपुस्तक वितरण मा सहयोग गर्ने (आ.वि र स्थानान्तरण भई जान ईच्छुक विद्यालय एउटै वडामा पेर्ने भएमा अन्यथा विद्यालयको सहजता अनुसार गर्ने) ।

४. शैक्षिक सत्र २०७८ का लागि सबै विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउने व्यबस्था मिलाउने ।

५. विद्यालयले सिकाई सहजिकरणका क्रियाकलाप सञ्चालन गर्दा शैक्षिक सत्र २०७७ मा अवलम्वन गरिएका वैकल्पिक माध्यमहरुको प्रयोग गर्न सक्नेछ ।

**बोधार्थ:**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, सन्दकपुर गाउँपालिका, इलाम (जानकारीका लागि अनुरोध छ) ।
श्री सूचना तथा प्रविधि शाखा, सन्दकपुर गाउँपालिका, इलाम (**वेभसाइटमा अपलोड गरिदिनुहुन**) ।

..................
धन सेजवाल
अधिकृत छैठौं
(शिक्षा)

E-mail : sandakpurrm@gmail.com website :www.sandakpurmun.gov.np
phone no : 9801451741,9801451742